आज मिति २०७८ साल श्रावण महिनाको ३१ गते बिहान ७ बजे यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाह ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्ना अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिंह | सदस्य गाउँ कार्यपालिका | |
| ४. | लालमल्लसिंह | सदस्य गाउँ कार्यपालिका | |
| ५. | मनबहादुर शाही | सदस्य गाउँ कार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँ कार्यपालिका | |
| ७. | कर्ण कामी | सदस्य गाउँ कार्यपालिका | |
| ८. | बसन्त शाही | सदस्य गाउँ कार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँ कार्यपालिका | |
| १०. | द्वारिका प्रसाद बुढा | सदस्य गाउँ कार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँ कार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँ कार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँ कार्यपालिका | |
| १४. | समिता बुढाथर्की | सदस्य गाउँ कार्यपालिका | |
| १५. | शिला सार्की | सदस्यगाउँकार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँ कार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँ कार्यपालिका | देउमा |
| १८. | गोविन्द बहादुर सिंह | सदस्य सचिव गा. का. पा. | |

आमान्त्रीतहरु

१. रवीन्द्र बोहरा — रोजगार संयोजक

२. रामबहादुर मल्ल — शिक्षा अधिकृत

३. दीप बहादुर महतारा — पोषण स्वयमसेवक

४. भिम ब. च्याउने — पशुपंक्षी वि.शाखा

५. ऐन ब. कार्की — कृषि शाखा

६. प्रेम ब. सिंह — कार्यक्रम अधिकृत

गोविन्द बहादुर सिंह
नि.प्रमुख प्रशासकिय अधिकृत

२०७८/०४/३१

**प्रस्ताव तथा निर्णयहरु :**

१) सामुदायिक खाद्य बैंक स्थापना, संचालन तथा व्यवस्थापन कार्यविधी २०७८ सम्बन्धमा ।

२) यातायात तथा सवारी साधन संचालनका लागि सडक मर्मत सम्बन्धमा ।

३) कोभिड १९ को तेश्रो लहर तथा शिक्षण संस्थाहरुको पठनपाठन गर्ने सम्बन्धमा ।

४) बहु क्षेत्रिय पोषण कार्यक्रमको सिमा निर्धारन सम्बन्धमा ।

५ विविध ।

**निर्णय नं. १**

प्रस्ताव नं.१ मा व्यापकरुपमा छलफल गर्दा विश्व खाद्य कार्यक्रमको आर्थिक सहयोगमा निर्माण भएको सामुदायिक खाद्य भण्डार स्थापना गरी संचालन गर्नका लागि कार्यविधी आवश्यक पर्ने भएकोले **"सामुदायिक खाद्य भण्डार स्थापना संचालन तथा व्यवस्थापन कार्यविधी २०७८"** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

(क) यस गाउँपालिका अर्न्तगत रहेका सडकहरुमा यातायात संचालन गर्नका लागि तपशिल बमोजिमका सडकहरु मर्मत तथा सवारी साधन सहजरुपमा संचालन गर्नका लागि **मिति २०७८ साल भाद्र १० देखि १५** गते सम्म प्राविधिकहरुलाई स्टीमेट गर्नलाई खटाउने निर्णय गरियो ।

<u>तपशिल</u>

- सिर्के सक्ला लिम्सा रोकायगाउँ र बुढागाउँ सम्म सडक
- काउली कार्कीज्यूला सुवाकोट लुहाग, गराग्ली सिमतरा, भाङढुंगा, सुवाकोट गोमागाउँ बन्डाला र काँडा पानी माझगाउँ सडक
- कार्कीज्यूला घर्तीगाउँ धुमा सडक
- लिम्सा घाट सिलिंगीचौर दह ४ नं. वड कार्यालय गोठागाउँ सडक
- सिलिंगीचौर तोलखान घर्तीगाउँ सडक
- लिम्सा देखि छेडा रामीडाँडा हानीसल्ला सडक

(ख) हाल तत्काल पशु वस्तु तथा मानिसहरुलाई आवतजावत गर्नका लागि समस्या देखिएको तपशिल बमोजिमका वडाहरुका सडकहरु सफा गर्न प्राबिधिकलाई खटाउने निर्णय गरियो ।

तपशिल

- वडा नं. ४ को टालेचौर र मैना
- वडा नं. ५ को भैलोखाना र उतिसेनी खोला सडक

**निर्णय नं.३**

कोभिड १९ रोगका कारण पालिका भित्रका बिद्यालयहरु बन्दा भै पठन पाठन ठप्प रहेको अवस्थामा स्थानीय विपद व्यवस्थापन समितिको मिति २०७८ साल श्रावण २७ गतेको निर्णय नं. ३ अनुसार मिति २०७८ साल भाद्र २ गते बाट पालिका भित्रका सम्पूर्ण बिद्यालयहरुले स्वास्थ्यको मापदण्ड अपनाई बिद्यालय संचालन गर्न निर्देशन दिने निर्णय गरियो ।

गोविन्द बहादुर सिंह
नि.प्रमुख प्रशासकिय अधिकृत

२०७८/०४/३१

**निर्णय नं.४**
बहुक्षेत्रिय पोषण कार्यक्रमको आ.व. २०७८/०७९ को लागि तपशिल बमोजिमका बिषगत कार्यालयहरुले कार्यक्रम संचालन गर्ने गरी बार्षिक कार्यक्रम स्वीकृती गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.स. | शाखा | स्थानीय सरकार | केन्द्र सरकार | कुल बजेट | कैफियत |
|---|---|---|---|---|---|
| 1 | स्थानीय शासन | 971342. | 309600. | 1280942. | tna eQf ;lxt |
| 2 | खानेपानी | 84800 | 540055. | 624855. | |
| 3 | भेटेरीनरी | 94600. | 709285. | 803885. | |
| 4 | कृषि | 583440. | 0 | 583440. | |
| 5 | महिला तथा बालवालिका | 465818. | 0 | 465818. | |
| 6 | शिक्षा | 0 | 317060. | 317060. | |
| 7 | स्वास्थ्य | 100000. | 300000. | 400000. | |
| 8 | महिला सहकारी | 0 | 624000. | 624000. | |
| | | 2300000. | 2800000. | 5100000. | |

**निर्णय नं. ५**
प्राथमिक स्वास्थ्य केन्द्र लिम्सामा उपकरन अभाव भई डाक्टरहरुले सेवाग्राहीलाई उपचार गराउन समेत समस्या देखिएकाले तपशिल बमोजिमका सामानहरु तत्तकालै खरिद गर्नका लागि आबश्यक प्रक्रिया गर्ने निर्णय गरियो ।

तपशिल

- एक्सरे मेसिन थान १ (एक)
- सोलार सेट १ थान एक्सरे चलाउन सक्ने
- दान्त तथा आँखा सेवा संचालन गर्ने सामान ।

**निर्णय नं. ६**
वडा नं. ६ मा रहेको यस कार्यालयको बजाज कम्पनी १५० सिसिको मोटरसाइकल मिति २०७८ जेष्ठ २४ गते राती आगजनी भई क्षेती भएकाले उक्त मोटरसाइकल के कति कारणले मोटरसाईकल आगजनी भई क्षेति भएको हो भनी कार्यालयले स्पष्टीकरण सोध्दा वडा अध्यक्ष श्री तिले महताराले मिति २०७८/०२/३१ गतेका दिन पेश गर्नु भएको स्पष्टीकरण जबाफ अनुसार वडा नं. ६ का लेखा सहायक श्री बिरेन्द्र महताराले कार्यालयको कामको सिलसिलामा कार्यालयमा गइरहेको अवस्थामा श्री डम्बर वि.क.को नेतृत्वामा मोटरसाइकल जलाएको स्पष्टीकरणमा उल्लेख गरिएको हुँदा नीज व्यक्तिहरुलाई आवश्यक आबश्यक छानबिन सहित कानून अनुसार गरी दिनु हुन जिल्ला प्रशासन कार्यालय जाजरकोटलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**
यस कार्यालयका र कार्यालय अर्न्तगत रहेको स्वास्थ्य, पशुपंक्षी कृषि विकास उपशाखामा कार्यरत अस्थायी करार कर्मचारीहरुको मिति २०७८ साल श्रावन १ देखि लागु हुने गरी करार म्याद थप नर्गे निर्णय गरियो ।

गोविन्द बहादुर सिंह

२०७८/०४/३१

निर्णय नं. ८

वारेकोट गाउपालिकाको कर्मचारी समायोजन व्यवस्थापन ऐन २०७७ अनुसार साविकका स्थानीय निकायमा कार्यरत स्थानीय सेवाका स्थायी न्युनतम सेवा अबधि र शैक्षिक योग्यता पुगेका कर्मचारीहरुको एक तह वढुवा तथा समायोजन गर्ने व्यवस्था अनुरुप तपशिलमा उल्लेखित कर्मचारीका एकतह वढुवा गर्न न्युनतम योग्यता र अवधि पुगेकोले वढुवा तथा समायोजनका लागि कार्यालयवाट पेश भएकाले निजलाई २०७८ साल २८  गते देखि लागु हुने गरी एक तह वढुवा सहित समायोजन गर्ने निर्णय गरियो ।

तपशिल

| हाल कार्यरत पदको विवरण | बढुवा तथा समायोजन गर्ने विवरण |
|---|---|
| नामः राजबहादुर सिंह<br>पदः लेखापाल<br>तहः सहायकस्तर पांचौ<br>सेवाःप्रशासन<br>समूहःलेखा | नाम : राजबहादुर सिंह<br>पदः लेखाअधिकृत<br>तहः अधिकृतस्तर छैठौं<br>सेवाःप्रशासन<br>समूहः लेखा |

निर्णय नं. ८

यस बारेकोट गाउँपालिका अर्न्तगत निर्मित वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको भवन निर्माण भई सेवा संचालन समेत भइसकेको हुँदा उक्त वडा कार्यालय भवन औपचारिकरुपमा उद्घाट गर्ने र सिलालेख राख्नका लागि आवश्यक डिजाइन गर्ने र तयारी गरी ल्याउनका लागि यस कार्यालयका कार्यक्रम अधिकृत श्री श्रम बहादुर सिंहलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ९

यस कार्यालयको मिति २०७४ साल देखि हाल सम्ममा पालिकाले निर्माण गरेको सम्पूर्ण योजनाहरुको सूची संकलन गरी स्वयेत पत्र तयार गरी प्रकाशन गर्नका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

यस बारेकोट गाउँपालिकामा २०७७ असार २५ गते आएको बाढी पहिरोका कारण पूर्ण रुपमा क्षती भएका तपशिल बमोजिमका घरहरु गत आ.व.मा छुटेका घरधुरीहरु पुनः निर्माणका लागि जिल्ला प्रशासन कार्यालय जाजरकोट मार्फत माग गर्ने निर्णय गरियो ।

तपशिल

क) मन बहादुर रोकाय बारेकोट गाउँपालिका वडा नं. २

ख) दल बहादुर खड्का बारेकोट गाउँपालिका वडा नं. २

ग) जयलाल नेपाली बारेकोट गाउँपालिका वडा नं २

घ) काली बहादुर पुन बारेकोट गाउँपालिका वडा नं. २

ङ) जस्विर पुन बारेकोट गाउँपालिका वडा नं. १

च) विर बहादुर पुन बारेकोट गाउँपालिका वडा नं. १

छ) क्षेत्र बहादुर पुन बारेकोट गाउँपालिका वडा नं १

निर्णय नं. ११

यस बारेकोट गाउँपालिका वडा नं. ३ मुल्साममा रहेको श्री दिपेन्द्र मा.वि.को प्र.अ.को बिषयमा बिवाद आएकाले अर्को व्यवस्था नभए सम्म जेष्ठताका आधारमा श्री गोपाल के.एम.लाई नि.प्रधानध्यापकको जिम्मेवारी दिने निर्णय गरियो ।

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल

गोविन्द बहादुर सिंह प्रमुख प्रशासकिय अधिकृत

गोविन्द बहादुर सिंह
नि.प्रमुख प्रशासकिय अधिकृत

२०७८/०४/३१

निर्णय नं. १२
यस कार्यालयको सवारी साधन (गाडी) चलाउनका लागि बारेकोट गाउँपालिका वडा नं. ४ निवासी श्री भदे चलाउनेको छोरा श्री रामबहादुर चलाउनेलाई हल्का सवारी साधन ( ड्राइभर) पदमा प्रचलित नियम कानुनमा उल्लेखित तलब भत्ता खाने गरी मिति २०७८ साल श्रावण १ गते देखि लागु हुने गरी नियुक्ती गर्ने निर्णय गरियो ।

निर्णय नं. १३
यस बारेकोट गाउँपालिका वडा नं. ३ कट्टरमा रहेको सामुदायिक स्वस्थ्य इकाईमा एक जना मात्र अहेब भई कार्यालय संचालन गर्न र प्राथमिक स्वास्थ्य केन्द्र लिम्साबाट सामान ढुवानी गरी लिनका लागि समस्या देखिएकाले एक जना कार्यालय सहयोगी नियुक्त गर्नु पर्ने भएको हुँदा बारेकोट गाउँपालिका वडा नं. ३ रुम्सील निवासी श्री सुर बहादुर सिंहको छोरा श्री पदम बहादुर सिंहलाई मिति २०७८ साल श्रावण १ गते देखि लागु हुने गरी कार्यालय सहयोगी पदमा नियुक्त गर्ने निर्णय गरियो । साथै यस गाउँ पालिका वडा नं. ५ मारहेका नायकवाडा स्वास्थ्य चौकीमा रिक्त रहेको अ.न.मी पदमा बारेकोट ५ तोल्खान निवासी श्री कर्ण बहादुर सिंहको छोरी करिष्मा सिंहलाई उक्त रिक्त दरबन्दीमा स्थायी पदपूर्ती भएमा स्वत अवकाश हुने गरी मिति २०७८ साल भाद्र १ गते देखि लागु हुने गरी करारमा नियुक्ती गरी कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. १४
यस कार्यालयमा विगत लामो समय देखि तपशिल बमोजिमका पदहरुमा काम गर्दै कन्टेन्जेन्सी शिर्षकबाट तलब भत्ता खादै आईरहेको कर्मचारीहरुलाई मिति २०७८ साल श्रावण १ गते देखि लागु हुने गरी कार्यालयको दरबन्दी तेरिज हेर्दा दरबन्दी खाली रहेकाले अर्को व्यवस्था नभए सम्मका लागि तीनै जनालाई दरबन्दीमा नियुक्ती गरी दरबन्दीले पाउने सेवा सुबिधा उपलब्ध गराउने निर्णय गरियो ।
तपशिल

| सि.न. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | इश्वर बिक्रम शाही | सब इन्जिनियर | |
| २ | कर्ण बहादुर सिंह | असिष्टेन्स सब इन्जिनियर | |
| ३ | पृथी बहादुर नेपाली | असिष्टेन्स सब इन्जिनियर | |

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

गोविन्द बहादुर सिंह
नि.प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं १४

यस बारेकोट गाउँपालिकामा २०७७ साल अषाढ २५ गते परेको अबिरल बर्षाको कारण ४ नं वडाको सार्कीगाउँ, बोहरा जिरी, तिरुवागाउँ, तलगाउँ, मैना र ठकुरी जिरीको केही भाग तथा वडा नं ५ को तोल्खान, कालाखोली, पाखा र भैलोखानमा बाढीपहिरोका कारण बस्तिहरु उच्च जोखीममा रहेको हुदा कर्णाली प्रदेश सरकार अन्तर्गत एकीकृत वस्ती बिकास कार्यक्रम उक्त वस्तीहरु एकिकृत बस्ती बिकासका लागि कार्यक्रम स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको हुदा स्थानीय सरकारको तर्फबाट लागत सहभागिता ब्यहोर्न सक्ने अवस्था नदिखीएकोले र प्रदेश सरकारको बजेटले पनि कार्यक्रम सम्पन्न गर्न संभव नभएको हुदा थप बजेटको लागि कर्णाली प्रदेश सरकार मार्फत संघीय सरकामा यो कार्यक्रम स्वीकृत गरि थप बजेट व्यबस्थापनका लागि श्री मुख्यमन्त्रि तथा मन्त्रीपरिषदको कार्यलय कर्णाली प्रदेशलाई सिफारिस गरिदिनका लागि अनुरोध गर्ने निर्णय पारिद गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत